गाउँ कार्यपालिकाको
मिति:- २०८१/१२/०६
(बैठक संख्या:- ११-२०८१/०८२)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८१ साल चैत्र ६ गते तदनुसार नेपाल संवत ११४५, चिल्लागा, पञ्चमी, बुधबारका दिन बिहान ११:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थि भई गाउँ कार्यपालिकाको एघारौं (११) बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरि निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर मल्ल | प्र.प्र.अ. (सदस्य सचिव) |
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अपरेटर |

गाउँ कार्यपालिका

मितिः- २०८१/१२/०६

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः ११-२०८१/०८२)**

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. प्रमुख प्रशासकीय अधिकृतको धन्यवाद तथा स्वागत सम्बन्धमा।
३. आयोजना/कार्यक्रमहरुको अनुगमन सम्बन्धमा।
४. फाइबर नेट जडान सम्बन्धमा।
५. निजी अस्थायी आवास भूक्तानी बाँकी सम्बन्धमा।
६. प्रदेश समपुरक योजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।
७. किशोर किशोरीहरुका लागि स्काउटिङ् कार्यक्रम सम्बन्धमा।
८. प्रधानाध्यापक नियुक्ती सम्बन्धमा।
९. आयोजना संशोधन तथा रकमान्तर सम्बन्धमा।
१०. SEVIMS अध्यावधिकको लागि नियुक्त गणकहरुको पारिश्रमिक सम्बन्धमा।
११. अ.न.मी. विष्णुमाया कठायतको करार सम्झौता रद्द सम्बन्धमा।
१२. वन उपभोक्ता समितिलाई पत्राचार सम्बन्धमा।
१३. अ.दु.अ.आ. को सुझाव कार्यान्वयन गर्न वडा कार्यालयहरुलाई पत्राचार सम्बन्धमा।
१४. कार्यालय परिसर सजावट सम्बन्धमा।
१५. ज्यालादारिमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।
१६. आपतकालिन उपचार राहत सम्बन्धमा।
१७. आपतकालिन कार्य सञ्चालन केन्द्र भवन मर्मत सम्बन्धमा।
१८. एकिकृत कृषि स्रोतकेन्द्र कार्कीज्यूला घाटमा उत्पादन भएको धान सम्बन्धमा।
१९. समन्वय कर्ताको (चौथो तह) तलब भत्ता सम्बन्धमा।
२०. गोठालो भत्ता वितरण कार्यक्रम सञ्चालन कार्यविधि २०८१ अध्यावधिक सम्बन्धमा।
२१. प्रधानमन्त्री रोजगार तथा युवा रोजगार पहल आयोजनाको सामग्री खरिद सम्बन्धमा।
२२. स्क्यानर तथा बायोम्याट्रिक डिभाइस खरिद सम्बन्धमा।
२३. स्थानीय पूर्वाधार सहयोग कार्यक्र (LISP) बाँकी बजेट सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/१२/०६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ११-२०८१/०८२)

**निर्णय नं. २**

बारेकोट गाउँपालिकामा मिति २०८१ साल चैत्र २८ गते देखि मिति २०८१ साल फाल्गुन २० गते सम्म यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत पदमा रहि कार्य सम्पादन गर्नु हुने (शाखा अधिकृत) श्री लोकराज खत्री ज्यू उद्योग तथा वाणिज्य मन्त्रालय वा अन्तर्गत सरुवा भई जानु भएकोमा हार्दिक धन्यवाद सहित कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने। साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१ साल फाल्गुन १९ गतेको पत्रानुसार बारेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्राप्त गर्नुहुने बारेकोट गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखामा कार्यरत वरिष्ठ शिक्षा अधिकृत (सातौं) श्री राम बहादुर मल्ल ज्यूलाई हार्दिक बधाई सहित सफलताको शुभकामना व्यक्त गर्ने।

**निर्णय नं. ३**

बारेकोट गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ मा सञ्चलनमा रहेका क्रमागत तथा वार्षिक योजना तथा कार्यक्रमहरुको भौतिक, आर्थिक प्रगति लगायत गुणस्तर सम्बन्धमा स्थलगत अनुगमन गर्नुपर्ने भएकोले सम्बन्धित आयोजना तथा कार्यक्रम हेर्ने प्राविधिकको संलग्नतामा बारेकोट गाउँपालिकाको अनुगमन समिति द्वारा अनुगमन गरि सो को प्रतिवेदन गर्ने।

**निर्णय नं. ४**

बारेकोट गाउँपालिका अन्तर्गत हाल सञ्चालनमा रहेका वर्ल्डलिङ्क कम्युनिकेश प्रा.लि. र एभरेष्ट वायरलेस नेटवर्कले प्रदान गर्दै आएको वायरलेस इन्टरनेट सेवा विद्युत आपूर्ति, हावाहुरी, वर्षा चटयाङ् जस्ता प्राकृतिक घटनाहरुबाट छिटै प्रभावित हुने तथा सेवा प्रदायकले प्रदान गर्ने सेवाको गुणस्तर भन्दा सेवा शुल्क महंगो हुने भएकोले आर्थिक वर्ष २०८१/०८२ को सेवा परामर्श खर्च बजेट शि.नं. ३११७२ बाट खर्च लेख्ने गरी तत्काल गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालय सम्म फाइबर नेट सेवा प्रदायकसँग परामर्श गरि फाइबर नेट जडान गर्ने।

**निर्णय नं. ५**

मिति २०८० साल कार्तिक १७ गते बारेकोट गाउँपालिका वडा नं. १ रामीडाँडा केन्द्र बिन्दु भई गएको ६.४ रेक्टर स्केलको विणासकारी भूकम्पका कारण क्षति भएका बारेकोट गाउँपालिका अन्तर्गत ९ वटै वडाका निजी अस्थायी आवासको दोस्रो किस्ता भूक्तानी दिने काम अन्तिम चरणमा रहेकाले बाँकी रहन आएका लाभग्राहीहरुको अस्थायी आवासको दोस्रो किस्ता



राम बहादुर मल्ल
प्रशासकीय अधिकृत

बापतको रकम वडा कार्यालयसँग आवश्यक प्रक्रिया पुरा भए नभएको बुझी प्रक्रिया पुरा भएको खण्डमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी भूक्तानी दिने।

**निर्णय नं. ६**

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेशको मिति २०८१।११।०७ गते प्रकासशित प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धी सूचना अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि तपसिल बमोजिमका आयोजना तथा कार्यक्रहरु प्राथमिकताका आधारमा छनौट गरि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने।

**तपसिल**

**१. कर्णाली प्रदेश समपुरक अनुदान तर्फः**

| क्र.सं. | आयोजना प्राथमिकिकरण | आयोजना/कार्यक्रमको नाम | ठेगाना |
|---|---|---|---|
| १. | प्राथमिकिकरण-१ | ६ नं. वडा कार्यालय देखि धुम सम्म सडक निर्माण | बारेकोट गाउँपालिका वडा नं. ६ |
| २. | प्राथमिकिकरण-२ | रोकाय गाउँ अर्यन पछ्यौरी सडक स्तरोन्नती | बारेकोट गाउँपालिका वडा नं. २ र ३ |

**निर्णय नं. ७**

बारेकोट गाउँपालिका वडा नं. ६ कार्कीज्यूला स्थित श्री सिता माध्यमिक विद्यालय कार्की ज्यूलाको मिति २०८१ साल चैत्र ६ गतेको प्राप्त पत्र अनुसार उक्त विद्यालयमा हाल सञ्चालनमा रहेको स्काउटलाई थप प्रभावकारी र क्रियाशील बनाउन आवश्यक रहेकोले कर्णाली प्रदेश आयोजना प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची -१ सामाजिक विषय क्षेत्रको २.१० बालबालिका तथा किशोर किशोरी विषय क्षेत्र अन्तर्गत किशोर किशोरीहरुका लागि स्काउटिङ् कार्यक्रम प्रस्ताव मागको लागि उक्त विद्यालयलाई सिफारिस प्रदान गर्ने।

**निर्णय नं. ८**

बारेकोट गाउँपालिका अन्तर्गत सञ्चालित सामूदायिक विद्यालयहरुको शैक्षिक, भौतिक आर्थिक रुपमा सम्पन्न बनाउन तथा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र बारेकोट

गाउँ कार्यपालिका

मिति:- २०८१/१२/०६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-११-२०८१/०८२)

गाउँपालिकाको शिक्षा नियमावली, २०७६ अनुसार प्रधानाध्यापक नियुक्त गरि विद्यालयको शैक्षिक वातावरण सञ्चालन गर्न आवश्यक रहेकोले विद्यालयमा मौजुदा स्थायी शिक्षकहरु मध्येबाट वरिष्ठताको आधारमा प्रधानाध्यापक तथा निमित्त प्रधानाध्यापक नियुक्ति गर्ने गराउने प्रक्रिया अगाडि बढाउन शिक्षा, यूवा तथा खेलकुद शाखा मार्फत विद्यालयहरुलाई निर्देशन गर्ने।

**निर्णय नं. ९**

बारेकोट गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका आयोजना/कार्यक्रमहरु संशोधन तथा रकमान्तर गर्ने।

**तपसिल**

**क) आयोजना संशोधन तर्फः**

| क्र. सं. | बजेट शिर्षक | साविकको आयोजनाको नाम | आयोजनाको संशोधित नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३११५९ (शिक्षा) | राधा प्रा.वि. सिन्तरा घेराबार निर्माण | राधा प्रा.वि. सिन्तरा भान्साघर निर्माण | २ लाख | |
| २. | ३११५३ (पूर्वाधार) | करुका ट्रान्समिटर मर्मत | ५ नं. वडा कार्यालय फिल्ड निर्माण | १ लाख | |
| ३. | २२५१२ (शिक्षा) | दिवाखाजा सम्बन्धी अभिमुखिकरण | गाउँपालिकाबाट जिल्लामा सहभागी हुने महिला खेलाडीहरुको लागि आतेजाते, दर्ता शुल्क र अन्य व्यवस्थापन | १ लाख | |

**ख) रकमान्तर तर्फः**

| क्र. सं. | बजेट शिर्षक | साविकको आयोजना/कार्यक्रमको नाम | रकमान्तर भएको आयोजना/कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | २२५१२ (शिक्षा) | मनोसामाजिक परामर्श सम्बन्धी पुर्नताजकी तालिम | राष्ट्रपती रनिङ्ग सिल्ड सञ्चालन व्यवस्थापन | १ लाख | |



राम बहादुर मल्ल
प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८१/१२/०६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ११-२०८१/०८२)

| | | | | | |
|---|---|---|---|---|---|
| २. | २५३११ (शिक्षा) | विद्यालय रुपान्तरण शिक्षा कार्यक्रम | राष्ट्रपती रनिङ्ग सिल्ड सञ्चालन व्यवस्थापन | २ लाख | |
| ३. | २२५१२ (शिक्षा) | शिक्षक तालिम | राष्ट्रपती रनिङ्ग सिल्ड सञ्चालन व्यवस्थापन | १ लाख | |
| ४. | २७२१३ (स्वास्थ्य) | निशुल्क औषधी औजार खरिद ढुवानी | आकस्मिक अवस्थामा नयाँ तथा पुराना वर्थिङ्ग सेन्टर र अन्य स्वास्थ्य संस्थामा औजार उपकरण र अतिआवश्यक औषधी खरिद | १५ लाख | |
| ५. | २११४१ (कानून तथा न्याय) | न्यायिक समितिका पदाधिकारी बैठक भत्ता | खाजा खर्च | ३२ हजार | |
| ६. | २२५१२ (कानून तथा न्याय) | कानून विषयमा लेखन सीप विकास तालिम | मेलमिलाप कर्तालाई ४० घण्टे तालिम | १ लाख २० हजार | |
| ७. | २२५२९ (कानून तथा न्याय) | ४० हजार न्यून आय भएका पीडकलाई सहायता | मेलमिलाप कर्तालाई ४० घण्टे तालिम | ५० हजार | |
| ८. | ३११५९ (पर्यटन) | पर्यटन तथा संस्कृतिक कार्यक्रम र समपूरक शिर्षकबाट | दोविल्दा सडक ट्याक खोल्ने कार्य | ११ लाख र १३ लाख | |

निर्णय नं. १०

UNDP नेपालको आर्थिक सहयोगमा निर्माण गरिएको (Socio- Economic Vulnerability Information Management System-SEVIMS) अध्यावधिक कार्यको लागि बारेकोट गाउँपालिकाको



राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१-९ वटै वडाका बस्तीहरुका प्रत्येक घरमा पुगि GPS, घरको फोटो लगायत विभिन्न सूचकहरुको डाटा संकलनको लागि पदपूर्ति समितिको मिति २०८१ साल फाल्गुन २४ गते छनौट भएका एक वडाको लागि एक जना गरि जम्मा नौ (९) जना गणकहरुको पारिश्रमिक आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वजेट शिर्षक नं. २२४११ सेवा परामर्श खर्च बाट मासिक पच्चीस हजार रुपैयाका दरले दुई महिनाको लागि तोकिए अनुसारको कार्य सम्पन्न प्रतिवेदन अनुसार पारिश्रमिक भुक्तानी गर्ने।

निर्णय नं. ११

यस कार्यालयको मिति २०८१।११।१५ गतेको पत्रानुनसार आधारभूत अस्पताल वडा नं. २ लिम्साको सेवा करार अ.न.मी. पदमा कार्यरत विष्णुमाया कठायतलाई स्वास्थ्य चौकी रामिडाँडा वडा नं. १ मा सोहि पद र सेवामा खटाईएको तर कार्यालयको निर्णयलाई बारम्बार अवज्ञा गरि खटाएको स्थानमा नगएकाले निजलाई यस कार्यालयबाट मिति २०८१।११।१८ गते र मिति २०८१।११।२८ गते पत्र लेखि नजानुको कारण सहित स्पष्टिकरण माग गरिएकोमा निजको खटाएको स्थानमा नजाने निर्णय स्पष्ट भएको हुँदा अ.न.मी. विष्णुमाया कठायत र यस कार्यालयबीच भएको करार सम्झौता मिति २०८१ साल चैत्र २५ गते देखि लागु हुने गरी करार सम्झौता रद्द गर्ने। र निजलाई करार सम्झौता रद्द भएको जानकारी दिने।

निर्णय नं. १२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख. को उप दफा (१) मा वन उपभोक्ता समितिले वन पैदवार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना वनाई गाउँपालिकाबाट स्वीकृत बनाउनुपर्ने व्यवस्था रहेको छ। साथै सोही दफाको उपदफा (२) मा वन पैदवारबाट विक्री वितरण भएको रकमको दश प्रतिशत (१०%) रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम ऐनको कार्यान्वयन गर्न गराउन वन वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत बारेकोट गउँपालिका अन्तर्गत गठित वन उपभोक्ता समितिहरुलाई निर्देशन गर्ने।

निर्णय नं. १३

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८१/०८२ चलानी नंबर २०९ मिति २०८१।११।०५ गतेको सुझाव कार्यान्वयन सम्बन्धमा औषधी उपचार खर्च



राम बहादुर मल्ल
प्रशासकीय अधिकृत

CamScanner

सम्बन्धमा लेखि आएकोले देहायको सुझाव कार्यान्वयन गर्न सुझावमा उल्लिखित जटिल प्रकृतिका रोगहरुको लागि मात्र वडाबाट आकस्मिक उपचार सहायता सम्बन्धी सिफारिस गर्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने।

**सुझाव**

*"विपन्न नागरिक पहिचानका स्पष्ट आधार र मापदण्ड बनाई सङ्घीय तथा प्रादेशिक कानूनसँग नबाझिने तथा दोहोरो सुविधा नपर्ने गरी स्थानीय तहको आन्तरिक आय र जनसंख्याको अनुपातका आधारमा स्थानीय तहको आर्थिक क्षमता र दीगोपना समेतलाई मध्येनजर गरी औषधी उपचार खर्चको अधिकतम सीमा निर्धारण गरी कडा रोगहरु (क्यान्सर, मुटुरोग, मृगौलारोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया) को लागि मात्र आवश्यक कानून बनाई औषधी उपचार खर्च उपलब्ध गराउन उपयुक्त हुने देखिएकोले सो तर्फ आवश्यक कदम उठाउन"*

**निर्णय नं. १४**

बारेकोट गाउँपालिका परिसरमा गमला फूल सजावट गरी कार्यालयको सौन्दर्यता बढाउनको लागि निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार खर्च को बजेट शिर्षक २२२३१ बाट खर्च लेख्ने गरि गाउँपालिका कार्यालयको हाताभित्र गमला फूल तथा बगैंचा व्यवस्थापन कार्यक्रमको लागि रु. १०००००।— (अक्षेरुपी एक लाख रुपैयाँ मात्र) भूक्तानी गर्ने।

**निर्णय नं. १५ (क)**

बारेकोट गाउँपालिका ४ नं. वडा कार्यालयमा सेवा करार सव इन्जिनियर श्री केशब बहादुर शाहले स्वैच्छिक राजिनामा दिई स्वीकृत समेत भईसकेकोले उक्त वडा कार्यालयको सेवा प्रवाहलाई अवरुद्ध हुन नदिन अर्को व्यवस्था नभए सम्मको लागि बारेकोट गाउँपालिका वडा नं ५ निवासी असिष्टेन्ट सव इन्जिनियर श्री बाग बहादुर सिंहलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने गरि नियुक्ति दिने।

**निर्णय नं. १५ (ख)**

बारेकोट गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को साझेदारीमा सञ्चालित कार्यक्रमको प्राविधिक सहयोगको लागि बारेकोट गाउँपालिका वडा नं. ३ मुलसाम निवासी असिष्टेन्ट सव इन्जिनियर श्री बिन्दा रोकाय र बारेकोट गाउँपालिका वडा नं. ५ निवासी श्री नरेन्द्र सिंहलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने गरि नियुक्ति दिने।



राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ११-२०८१/०८२)

**निर्णय नं. १६**

बारेकोट गाउँपालिका उपाध्यक्ष अस्वस्थ भई लामो समयदेखि उपचारमा रहनुभएको र मिति २०८० साल चैत्र १७ गतेको हावा हुरीको कारण सुख्खा पहिरोमा परी गम्भिर घाइते हुनुभएका बारेकोट गाउँपालिका वडा नं. ७ निवासी श्री बाग बहादुर वलीलाई बारेकोट गाउँपालिकाको आपतकालिन उपचार कोषबाट खर्च लेख्ने गरी उपचार सहायता स्वरुप एक/एक लाख रुपैयाँ आवश्यक विल भरपाइको आधारमा भुक्तानी दिने।

**निर्णय नं. १७**

बारेकोट गाउँपालिका वडा नं. २, लिम्सामा रहेको भूकम्पबाट क्षतिग्रस्त जडिबुटी भवनलाई मर्मत गरी आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन गर्नुपर्ने भएको र उक्त जडिबुटी भवनको मर्मत कार्य सम्पन्न भइसकेकोले मर्मत कार्यमा भएको खर्च रकम रु. ७३०२२ (अक्षरुपी त्रिहत्तर हाजार बाईस रुपैंया) रकम बारेकोट गाउँपालिकाको मर्मत सम्भार कोषबाट भुक्तानी दिने।

**निर्णय नं. १८**

बारेकोट गाउँपालिका वडा नं. ६, कार्कीज्यूला, घाट स्थित एकिकृत कृषिक स्रोतकेन्द्रमा आ.व. २०८०/०८१ मा उत्पादित सात सय (७००) के.जी. धानलाई प्रचलित बजार भाउ अनुसार प्रति के.जी. रु. पैंतिस (३५) रुपैंयाका दरले विक्री वितरण गरी सो रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने र उक्त धान उत्पादन गर्दा भएको कामदार खर्च बारेकोट गाउँपालिका कृषिक विकास शाखाको आ.व. २०८१/०८२ को एकिकृत कृषि स्रोतकेन्द्र सञ्चालन शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. १९**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सेवा करार (समन्वय कर्ता सहायक चौथो) पदमा नियुक्ति हुनुभएका श्री लोकेन्द्र सिंहलाई आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम वजेट शिर्षक नं. २२४१३ कार्यालय सञ्चालन तर्फको करार सेवा शुल्क शिर्षकवाट निजसँग भएको सम्झौता अनुसार सहायक चौथो वा सो सरहको मासिक पारिश्रमकि भुक्तानी गर्ने।



CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८१/१२/०६

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ११-२०८१/०८२)**

**निर्णय नं. २०**

बारेकोट गाउँपालिकाको गोठालो भत्ता वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई आवश्यकताका आधारमा परिमार्जन गरी गोठालो भत्ता वितरण कार्यक्रम सञ्चालन कार्यविधि पहिलो संशोधन, २०८१ स्वीकृत गर्ने।

**निर्णय नं. २१**

बारेकोट गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरुमा समपूरक बजेट मार्फत गैह्र स्थानीय निर्माण सामग्री गाउँपालिकाले नै उपलब्ध गराउने भनि निर्णय भए अनुसार गाउँपालिकाले नै उपलब्ध गराउने गरि सम्झौता भएकोमा हाल सामग्री थोरै तथा खरिद प्रक्रिया ढिला हुने भई प्रति कामदार एक सय (१००) दिन काम नपुग्ने भएकाले समपूरक बजेट शिर्षक मार्फत खरिद गरिने निर्माण समग्रीहरुको भुक्तानी निर्माण उपभोक्ताहरुलाई नै दिने।

**निर्णय नं. २२**

बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को (बजेट शिर्षक नं. २२४१२) वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत न्यायिक व्यवस्थापन सफ्टवेयर, योजना व्यवस्थापन सफ्टवेयर, विद्युतीय हाजिरी, ग्रुप एस एम एस तथा सफ्टवेयर खरिद शिर्षक अन्तर्गत बाँकी रकम बाट आधारभूत अस्पताल लिम्सामा स्वास्थ्य विमा सच्चालनमा आवश्यक पर्ने स्क्यानर मेसिन र सामाजिक सुरक्षा भत्ता नविकरणमा आवश्यक पर्ने वायोम्याट्रिक डिभाइस खरिद गर्ने।

**निर्णय नं. २३**

चालु आ. व. २०८१/०८२ को स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को साझेदारीमा सञ्चालित मुलसाम सडक, लिम्सा सेरी सडक, बालुवा गोठगाउँ सडक र बयाला सिर्पाचौर सडक गरी जम्मा ४ वटा आयोजनाहरुको e-Bidding मार्फत ठेक्का प्रक्रिया भई घटिघटाउबाट बाँकी हुन आएको कुल रकम रु. ९१,९१००० (अक्षरुपी एकानब्बे लाख एकानब्बे हजार रुपैंया) तपसिलमा उल्लिखित सडक आयोजनाहरुमा विनियोजन गर्ने, साथै उक्त आयोजनाहरुलाई चालु आर्थिक वर्ष भित्र सञ्चालन गरी सम्पन्न गर्ने।



CamScanner

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ११-२०८१/०८२)

## तपसिल

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | विनियोजित रकम | गा.पा. सहलगानी | LISP सहलगानी | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गा.पा. | LISP |
| १. | कुजेखोला देखि गोलुङ्गखोला सम्म सडक स्तरोन्नती | २ | ३५००००० | ११९०००० | २३१०००० | ३४% | ६६% |
| २. | तलि आगर ढल निकास तथा तटबन्धन निर्माण | १ | ५००००० | १७०००० | ३३०००० | ३४% | ६६% |
| ३. | अयारीखोला लघुजल बिधुत मर्मत तथा स्तरोन्नती | ४ | ७००००० | २३८००० | ४६२००० | ३४% | ६६% |
| ४. | पानलोटे डाँरा देखि दोमिल्दा सम्म सडक स्तरोन्नती | १ | ४४९१००० | १५२६९४० | २९६४०६० | ३४% | ६६% |
| जम्मा | | | ९१९१००० | ३१२४९४० | ६०६६०६० | ३४% | ६६% |